कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

# मेहलकुना अस्पताल

सुर्खेत

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/१८)

मेहलकुना अस्पताल गुर्भाकोट,सुर्खेतका लागि देहायका पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित पदका लागि योग्यता पुगेका नेपाली नागरिकहरुले निर्धारित ढाँचाको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेषज्ञ सेवा कार्यक्रम:**

| विज्ञापन नं. | पद नाम | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१/०८२/०८३ | स्टाफ नर्स,स्वास्थ्य, जनरल नर्सिङ | सहायक पाँचौं | २(दुई) | SBA तालिम लिएकालाई प्राथमिकता हुनेछ । |
| ०२/०८२/०८३ | अ.हे.व.,स्वास्थ्य,हे.ई. | सहायक चौथो | १(एक) | शल्यक्रिया सम्बन्धि अनुभव भएकोलाई प्राथमिकता हुनेछ । |

**१. नेपाली नागरीक**

**२.न्युनतम योग्यताः** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.व.पदको लागि १८ महिने C.M.A. (Certified Medical Assistant) उतिर्ण भएको साथै स्टाफ नर्स पदको लागि ३ वर्षे PCL Nursing उतिर्ण भएको साथै नेपाल स्वास्थ्य सेवाका पदहरुका लागि स्वास्थ्य सेवा नियमावली,२०५५ बमोजिमको आवश्यक न्यूनतम योग्यता हासिल गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्नेछ।

३. सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्षको अनुभव हासिल गरेको।

४.उम्मेदवारको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**५.पेश गर्नुपर्ने कागजातहरुः** दुई प्रति पासपोर्ट साइजको फोटो, दरखास्त फारामसँग सम्बन्धित कोर्ष उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, अध्याबधिक भएको परिषद् दर्ता प्रमाण पत्र, कार्य अनुभव भए सोको प्रमाण पत्र, तालिम लिएको भए तालिमको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

**६.दरखास्त दिने विधिः** मेहलकुना अस्पताल सुर्खेतको प्रशासन शाखा तथा कार्यालयको ईमेल ठेगानाः mehalkunahospital@gmail.com मा समेत उक्त अवधि भित्र दरखास्त पेश गर्न सकिनेछ

। दरखासत फाराम सामाजिक विकास मन्त्रालय,कर्णाली प्रदेशको वेबसाइट www.mosd.karnali.gov.np बाट डाउनलोड गर्न सकिने छ।

**७. दरखास्त दिने अन्तिम मितिः** २०८२/०६/०१ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा भएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिन । म्याद नाघि आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिईने छैन ।

**८.तलव,भत्ताः** नेपाल सरकारको प्रचलित तलब स्केल अनुसार हुनेछ।

**९.सेवा करार अवधिः** वि.सं.२०८३ असार मसान्त सम्म र आगामी बर्षमा उक्त कार्यक्रम आएमा सेवा करार नविकरण गर्न सकिनेछ।

**१०.परीक्षाको किसिमः** कर्णाली प्रदेश सरकारको प्राविधिक जनशक्ति छनौट गर्ने सम्बन्धी कार्यविधि,२०७६ (संशोधन सहित) बमोजिम हुनेछ ।

**११.परीक्षा दस्तुरः**सहायक स्तरको लागि प्रति विज्ञापन रु.४००/ प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेतको नाममा नेपाल बैंक लिमिटेड,सुर्खेत शाखामा रहेको राजश्व खाता नं. २७५०२००००००१००१००००००१ वा रा.वा.बैंक सुर्खेतको राजश्व खाता नं.१०००१००२०१०१००००६ मा राजश्व शिर्षक **परीक्षा शुल्क बापत ( शिर्षक नं. 14224 ) मेहलकुना अस्पताल सुर्खेत कोड नं. ३५००२६८०४६ राखि रकम जम्मा गर्नुपर्नेछ।**

१२. दरखास्त दिने व्यक्ति कुनै कानूनले अयोग्य नठहरिएको र कुनै अभियोग नलागेको हुनुपर्नेछ।

१३. दरखास्त प्राप्त भएको अन्तिम दिन अन्तर्वार्ताका लागि संक्षिप्त सूची र समय तालिका प्रकाशित गरिनेछ।

१४. यस सूचनामा उल्लेखित बाहेकका बिषयहरु प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछन् । सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । अन्य कुराहरुको जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको फो.नं.०८३-४१००११ वा मो. नं. ९८५७८५८१३५ मा सम्पर्क गर्न सकिनेछ ।

**मेडिकल सुपरीटेन्डेन्ट**

**डा. अजय महतो**
**मेडिकल सुपरिन्टेन्डेण्ट**